**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं मुकाम पुल्चोक, ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**टिपोट**

२०७७।०७८ सालको निर्णय नं.१४१

पुनरावेदन नं. ०७६-RB-००९०

**मुद्दाः– अन्तःशुल्क टिकट हिनामिना**

कारागार कार्यालय वीरगंज, पर्सामा थुनामा रहेको पर्सा, कालिका गा.पा. वडा नं ४ बस्ने धवलागिरी डिष्टिलरी प्रा.लि.का संचालक वर्ष ४८ को शम्भु शरण प्रसाद.....१ } पुनरावेदक

**विरुद्ध**

अनुसन्धान अधिकृतहरु उदयराम के.सी. र डम्बर बहादुर गुरुङ्ग समेतको प्रतिवेदनले नेपाल सरकार......................................................................................१
आन्तरिक राजस्व कार्यालय, वीरगंज, पर्सा..................................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरुः**

पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता श्री शम्भु थापा
: विद्वान वरिष्ठ अधिवक्ता श्री तुलसी भट्ट
: विद्वान अधिवक्ता श्री नारायण नेपाल

प्रत्यर्थीका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संजित गौतम

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारीः**

मुद्दा फैसला गर्ने कार्यालयः- श्री आन्तरिक राजस्व कार्यालय, वीरगंज, पर्सा
मुद्दा फैसला गर्ने अधिकारीः- प्रमुख कर अधिकृत श्री गोपीकृष्ण कोइराला
मुद्दा फैसला भएको मितिः– २०७६/०६/०७

श्री आन्तरिक राजस्व कार्यालय, वीरगंज, पर्सा बाट भएको मिति २०७६/०६/०७ को निर्णय उपर चित्त नबुझी अन्तःशुल्क ऐन, २०५८ को दफा १९(१) को ३५ दिनको म्याद भित्रै राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्र रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्रको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. जयश्री धवलागिरी डिष्टिलरी प्रा.लि.ले विक्री गरेको ७० यु.पि. शक्ति को ५०० कार्टुन मदिरामा **Shrink Cap** प्रयोग नभएको कैफियत देखि मदिरा लोड भएको गाडी राजस्व अनुसन्धान कार्यालय पथलैया बाराको मिति २०७६/०२/०७ को पत्रसहित थप अनुसन्धानको लागि आन्तरिक राजस्व कार्यालय, पर्सा, वीरगंजमा पठाएको।

२. मिति २०७६/०२/१७ मा आन्तरिक राजस्व कार्यालयबाट कर अधिकृत उदयराम के.सी. समेतले निरीक्षण गरी मदिरा उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ (स्प्रिट), ब्लेंड गरिएका मदिरा, उत्पादित तयारी मदिरा तथा मदिरामा प्रयोग गर्ने अन्तःशुल्क स्टिकर समेतको गणना विवरण प्रा.लि. का संचालक तथा कर्मचारीको रोहबरमा भौतिक रुपमा गणना गरि ल्याइएको र राजस्व अनुसन्धान कार्यालय पथलैयाबाट सम्पूर्ण स्टिकरहरुको मौज्दात गणना गरेको नदेखिएकोले पुनः आकस्मिक रुपमा स्थलगत निरीक्षण गरी विस्तृत अनुसन्धान तथा छानविन गरिएको।

३. अनुसन्धान अधिकृत उदयराम के.सी. समेतले छानविन गर्दा देखिएको तथ्यको आधार र कारण सहितको संक्षिप्त प्रतिवेदन र मिसिलमा संलग्न दशी प्रमाणहरुको आधारमा खडा गरी गरिएको थुनछेक आदेशमा शम्भु शरण प्रसादलाई विगो रकम, जरिवाना र एक वर्ष कैद बापतको प्रतिदिन रू.३००।— का दरले हुने रकमसमेत जम्मा रू. ५,४८,२९,२८५।०० (पाँच करोड अठ्चालिस लाख उनन्तीस हजार दुई सय पचासी रुपैया मात्र।- ) धरौटी माग गर्ने, माग बमोजिमको धरौटी दाखिला गरे साधारण तारेखमा राख्ने र नराखेमा नियमानुसारको सीदा खान पाउने गरी कारागार कार्यालयमा थुनामा पठाउने गरी आदेश भएकोमा निजले माग बमोजिमको धरौटी नराखेकोले थुनामा पठाइएको।

४. अन्तःशुल्क टिकटको हिनामिना सम्बन्धी मुद्दाका सम्बन्धमा आकस्मिक निरीक्षणका क्रममा जयश्री धवलागिरी डिष्टिलरीको कारखानास्थलबाट बरामद भएको अन्तःशुल्क स्टिकरको रिजेक्टेड स्टिकर विवरण रहेको फाइल, उक्त डिष्टिलरीको खरिद विक्री बिल, दशी प्रमाणको रुपमा **Shrink Cap** प्रयोग नभएको ५०० केश मदिरा, धवलागिरी डिष्टिलरी प्रा.लि. को Officer Portal System समेतबाट प्राप्त तथ्याङ्क, यस कार्यालयमा उपस्थित भई करदाताले कर अधिकृत समक्ष दिएको बयान, स्टिकरको अ.ल्या. गर्दा अर्थात जिम्मेवारी सार्दा जानीजानी बदनियतपूर्वक कम संख्यामा अ.ल्या. गरेको, खर्च भएको स्प्रिटबाट उत्पादन हुनुपर्ने भन्दा घटी उत्पादन देखाई उत्पादन लुकाएको, त्यसरी उत्पादित मदिरा श्रीराम ट्रेडिङ्ग कन्सर्न प्रा.लि. को नामबाट नक्कली दोहोरो/तेहोरो कर विजक जारी गरी विक्री गरेको बेहोरा पुष्टि गर्ने कागजात उदयपुर डिष्टिलरीको कारखाना परिसरबाट बरामद भएको, निज संचालकले कार्यालयमा उपस्थित भई दिएको स्वीकारयुक्त बयान, अन्तःशुल्क निरीक्षकले पेश गरेको लिखित जवाफ तथा अन्तःशुल्क अधिकृतले दिएको जानकारी लगायतका तथ्य र प्रमाणबाट उक्त जयश्री धवलागिरी डिष्टलरी र सो डिष्टिलरीका संचालक शम्भु शरण प्रसादले जानीजानी बदनियतपूर्वक अन्तःशुल्क दबाउने, छिपाउने, छल्ने उद्देश्यले अन्तःशुल्क स्टिकर हिनामिना र दुरुपयोग गरी कारोबार गरेको पुष्टि हुन आएकोले आ.व. २०७४/०७५ को हकमा सोही ऐनको

दफा १६ को उपदफा २ बमोजिम बिगो, जरिवाना र बिलम्ब शुल्कसमेत गरी जम्मा रू. २,६३,१८,३४०।०० आ.व. २०७५/०७६ को हकमा सोही ऐनको दफा १६ को उपदफा २ बमोजिम बिगो, जरिवाना र बिलम्ब शुल्कसमेत गरी जम्मा रू. २,८१,४४,९३३।०० साथै **Shrink Cap** प्रयोग नभएको मदिरा जफत गरी बिगोको शत प्रतिशतले हुने जरिवाना रु.२,९६,५००।— माग गर्ने, निजले उपरोक्तानुसार अन्तःशुल्क ऐन, २०५८ को दफा १६ को उपदफा २(क) बमोजिम गम्भीर प्रकृतिको कसूर गरेकाले निजलाई एक वर्ष कैद हुने ठहर्छ। निज प्रतिवादीले विगो र विगो बमोजिमको जरिवाना तथा बिलम्ब शुल्कसमेत रू.५,४७,५९,७७६।०० (पाँच करोड सत्चालिस लाख उनान्साठ्ठी हजार सात सय त्रिहत्तर रुपैया मात्र।-) नबुझाएमा जायजात असूल गर्नु र मुलुकी फौजदारी संहिता २०७४ को दफा १६४(२) बमोजिम जायजात गर्दा पनि असूल उपर नभए ७ वर्ष कैद सजाय हुने ठहर गरी आन्तरिक राजस्व कार्यालय वीरगंज, पर्साबाट मिति २०७६।०६।०७ मा भएको फैसला।

५. कम्पनीको सम्पूर्ण कागजात प्रत्यर्थी आफैले लिई कम्पनीको संचालकलाई थुनामा राखी अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ(२) विपरित सुनुवाईको मौका प्रदान नगरी प्राकृतिक न्यायको सिद्धान्त र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरित फैसला भएको, उद्योगको गोदाम परिसरमा टाँस भइसकेको स्टिकरसमेतलाई न्यून मौज्दात कायम गरी काल्पनिक बिगो कायम गर्न नमिल्नेमा बिगो कायम गरी कसुरै बिना जरिवाना र सजाय गरेको , अन्तःशुल्क नियमावली २०५९ को नियम २३ बमोजिम मौज्दात कमि १ प्रतिशत सम्म मिन्हा हुने प्रावधान समेतलाई बेवास्ता गरिएको, उद्योगबाट कति मदिरा उत्पादन भएको, कति जर्ती नोक्सानी भएको भन्ने बेहोराको अभिलेख सम्बन्धमा प्रत्यर्थीलाई यथार्थ जानकारी रहेको अवस्थामा तथ्य बङ्ग्याई गलत तर्कको आधारमा अन्तःशुल्क स्टिकरलाई आधार लिई नलाग्ने एवम् तिरी बुझाई सकेको अन्तःशुल्क रकम माग गरी कसुरै बिना जरिवाना गरेको, अन्तःशुल्क स्टिकहरु कारखाना धनी वा आन्तरिक राजस्व कार्यालयबाट खटि आउने निरीक्षकको रोहबरमा राखिने हुँदा हचुवाको आधारमा मौज्दात न्यून भनी उत्पादन नै नभएको मदिरालाई उत्पादन कायम गरी बिगो कायम गरेको, **Shrink Cap** प्रयोग नभएको ५०० केश मदिराको हकमा कम्पनीले रितपूर्वक भएको उत्पादनको रितपूर्वक निष्काशन गरी सोको अन्तःशुल्क तिरी बुझाई सकेको अवस्थामा हतारमा कर्मचारीको भुलबश **Shrink Cap** प्रयोग हुन छुटेको एक आधार लिई तिरि बुझाई सकेको रकम पुनःमाग गरेको, अन्तःशुल्क निर्धारण गर्न अन्तःशुल्क स्टिकरलाई आधार बनाइएको र स्प्रिटको आधारमा मदिरा परिमाण उत्पादन नभएको भनी आरोप लगाइएको, पुनरावेदक उद्योगले कानून बमोजिम उत्पादन गरेको अन्तःशुल्कको हिसाब कुन कानूनको आधारबाट निकाली सो मा के कस्तो हिसाबबाट शत प्रतिशत र दुइ सय प्रतिशत जरिवाना लगाइको हो फैसलामा नखुलाइएको हुँदा कानून विपरीत भएको, मदिरा उत्पादनको लागि आवश्यक कच्चा पदार्थ र सहायक कच्चा पदार्थको खरिद बिक्री र स्टक विश्लेषण नगरी कसुर कायम गरिएको, उद्योगको कुल पुँजी भन्दा बढी अन्तःशुल्क निर्धारण गरी उद्योग नै धरासायी गर्ने बदनियतबाट अन्तःशुल्क निर्धारण गरेको हुँदा विपक्षी कार्यालयबाट मिति २०७६।०६।०७ मा भएको फैसला र सो फैसलाका आधारमा जारी हुने तथा भएको अन्तःशुल्क निर्धारण आदेश एवम्

सोसँग सम्बन्धित पर्चा कानून विपरीत भएकोले बदर गरी नलाग्ने अन्तःशुल्क, जरिवाना, बिलम्ब शुल्क र कैदको दायित्वबाट मुक्त हुने गरी फैसला गरी न्याय इन्साफ गरी पाउँ भन्ने समेत बेहोराको पुनरावेदक शम्भु शरण प्रसादका तर्फबाट मिति २०७६/०७/१५ यस न्यायाधिकरणमा परेको पुनरावेदन पत्र।

६. यसमा मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७७।०८।१० को आदेश।

ठहर खण्ड

७. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ ईजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक ओम प्रकाश कलवारका तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री शम्भु थापा र श्री तुलसी भट्ट तथा विद्वान अधिवक्ता श्री नारायण नेपालले पुनरावेदक करदाताबाट नक्कली अन्तशुल्क टिकटको विषयमा नभई खरिद गरी ल्याएको टिकट हिनामिना भएको भन्ने कुरामा दुवै पक्षको मुख मिलेको अवस्था छ। पुनरावेदकले खरिद गरी ल्याएको अन्तशुल्क टिकट जिम्मा लिने कर्मचारीको दुर्भाग्यवश निधन हुन गएको कारणले हिसाव देखाउन नसकेको हो, विपक्षीले अनुसन्धानको क्रममा मदिराको उत्पादन, प्रशोधन तथा प्रक्रियाको विषयमा ध्यान नदिई उत्पादित मदिराको मूल्यलाई आधार मानी विगो कायम गरिए तापनि उक्त विगो कायम गरेको समेत मिलेको छैन। तसर्थ अन्तशुल्क निरिक्षक तथा कर्मचारीको मिलेमतोमा हिनामिना भएको अन्तशुल्क टिकटको बारेमा थप अनुसन्धान समेत नगरी प्राकृतिक न्यायको सिद्धान्त विपरीत, स्वच्छ सुनुवाईको मौका नदिई पुनरावेदकलाई थुनामा राखी आन्तरिक राजस्व कार्यालय, पर्सा, वीरगंजबाट भएको अन्तशुल्क निर्धारण लगायतका अन्य आदेश त्रुटिपूर्ण रहेको हुँदा सो बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भनी गर्नुभएको बहस तथा जिकिर समेत सुनियो।

८. यसैगरी प्रत्यर्थीहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिलको कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री सन्जीत गौतमले पुनरावेदकको कम्पनीले आन्तरिक राजस्व कार्यालय, वीरगंजबाट खरिद गरेको तथा अघिल्लो आ.व.बाट अल्या भएको मौज्दात अन्तशुल्क स्टिकरहरु वरावरको मदिरा उत्पादन नभएको तथा उत्पादित मदिरा विक्री वितरण पश्चात अन्तशुल्कमा दाखिला नगरी मौज्दात समेत नदेखाई अन्तशुल्क राजस्व छल्ने नियत देखिएको तथा अन्तशुल्क स्टिकर हिनामिना, दुरुपयोग, विना **Shrink Cap** मदिरा विक्री र खर्च भएको स्प्रिटबाट हुनुपर्ने वास्तविक उत्पादन भन्दा घटि उत्पादन गरी उत्पादन लुकाएको अवस्थामा आन्तरिक राजस्व कार्यालय, वीरगंज, पर्साबाट भएको निर्णय कानूनसम्मत भएको हुँदा सो सदर कायम गरी पाउँ भनी गर्नुभएको बहस तथा जिकिर समेत सुनियो।

९. यसमा करदाता जयश्री धवलागिरी डिष्टिलरी प्रा.लि. र सो का संचालक श्री शम्भू शरण प्रसाद कलवारले अन्तः शुल्क स्टिकर हिनामिना र दुरुपयोग एवं बिना **Shrink cap** को मदिरा विक्री गरेको तथा खर्च भएको स्प्रिटबाट हुनुपर्ने वास्तविक उत्पादन भन्दा घटी उत्पादन देखाई उत्पादन लुकाएको हुँदा अन्तःशुल्क ऐन, २०५८ (संशोधन सहित) को दफा १६(२)(क) र ऐ.ऐनको दफा

१६(४)(ण) बमोजिम कसूर गरी अन्तःशुल्क राजस्व लुकाएको, छिपाएको, छलेको र अन्तःशुल्क ऐन तथा नियमावलीमा तोकिएको विधि तथा प्रकृया पूरा नगरेको देखिएको हुँदा विगो रू.१,७८,४४,८५६।— जरिवाना रकम रू. ३,५९,८६,२१२।— र विलम्ब शुल्क रू.९,२८,७०५।— गरी कुल रकम रू. ५,४७,५९,७७३।— तथा १ वर्ष कैद सजाय हुने गरी आन्तरिक राजस्व कार्यालय वीरगंज, पर्साबाट भएको निर्णयमा चित्त नबुझाई करदाता शम्भू शरण प्रसाद कलवार समेतको तर्फबाट प्रस्तुत पुनरावेदन दायर भएको देखिन्छ।

१०. उल्लेखित तथ्य, पुनरावेदकका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फबाट उपस्थित हुनुभएका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत भएका बहसका बुँदाहरु र मिसिल संलग्न कागजात एवं प्रमाणहरुको अध्ययन गरी हेर्दा, सुरु कार्यालयबाट भएको कर कार्यालयबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो।

११. अब निर्णयतर्फ विचार गर्दा पुनरावेदक करादाताले जिकिर लिएको **Shrink cap** प्रयोग नभएको मदिराको सम्बन्धमा राजस्व अनुसन्धान कार्यालय पथलैया बाराको प.सं. ०७५/०७६, च.नं. ९५६ मिति २०७६।२।७ को पत्रसाथ आन्तरिक राजस्व कार्यालय पर्सा वीरगंजको करदाता जयश्री धवलागिरी डिष्टिलरी प्रा.ली.ले विक्री विजक नं ९८, मिति २०७६।१।२५ बाट विक्री गरेको ७० U.P. शक्तिको ५०० कार्टुन मदिराको कैफियत देखि मदिरा लोड भएको गाडी सहित थप अनुसन्धानको लागि आन्तरिक राजस्व कार्यालय वीरगंज पठाएको देखिन्छ। अनुसन्धानको क्रममा गाडीमा लोड भएको ५०० कार्टुन मदिराको बिर्कोमा टाँस गरिएको अन्तःशुल्क स्टिकरको सुरक्षाको लागि लगाउनुपर्ने पारदर्शी प्लाष्टिकको खोल (**Shrink cap**) लगाएको नदेखिएको भन्ने उल्लेख भएको देखिन्छ। अन्तःशुल्क नियमावली २०५९ को नियम २९(ग) मा "मदिरा उत्पादन गर्ने प्रतिष्ठानले आफूले उत्पादन गरेको मदिरा (वियर, वाइन र साईडर बाहेक) को बोत्तलमा अन्तःशुल्क टिकटको लागि पारदर्शी प्लाष्टिकको खोल (**Shrink cap**) प्रयोग गर्नुपर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उल्लेखित व्यवस्था बमोजिमको कार्य अन्तःशुल्क ऐन, २०५८ को दफा १६(४)(ण) विरुद्वको हुने तथा सो विपरितको कार्य जय श्री धवालागिरी डिष्टिलरी प्रा.लि. र सोका संचालक शम्भु शरण प्रसादबाट भएको देखिन्छ।

१२. यसै गरी आ.व. ०७४/०७५ मा करदाताले ७० U.P. शक्तिको ३०० ml size को १९,२३० थान स्टिकरहरु गत आ.व.बाट अल्या गरेको, ४५,६०,००० थान स्टिकरहरु आन्तरिक राजस्व कार्यालय वीरगंजबाट खरीद गरी कूल ४५,७९,२३० थान स्टिकरहरु आम्दानी जनाएकोमा जम्मा ३५,३८,५६१ मात्र खर्च गरेको देखिन्छ। उल्लेखित आ.व. मा अन्तिम मौज्दात रहेको १०,४०,६६९ स्टिकरहरु आ.व. ०७५/०७६ मा अ.ल्या. जनाउनुपर्नेमा ६,८०,६६९ मात्र अल्या जनाएकोले ३,६०,००० थान स्टिकर अवैध रुपले मदिरा उत्पादन गरी सोको विक्री वितरणमा प्रयोग गरी अन्तःशुल्क छली गरेको देखियो। प्रस्तुत अन्तशुल्क स्टिकर हिनामिना भएको सम्बन्धमा शुरु कार्यलयबाट अन्तःशुल्क ऐन, २०५८ (संशोधन सहित) को दफा १६(२)(क) बमोजिमको कसूरमा ऐ.ऐनको दफा १६(३) बमोजिमको रू.८५,४४,०००।— विगो कायम गरी ऐ.ऐनको दफा

१६(२) बमोजिम विगोको २००% ले हुने रु.१,७०,८८,०००/- जरिवाना र ऐ.को ४(ख)(२) बमोजिम विलम्ब शुल्क रु.६,८६,३४०/- समेत जम्मा गरी रू.२,६३,१८,३४०।—अन्तशुल्क निर्धारण गर्ने गरी निर्णय भएको देखिन्छ। प्रस्तुत आ.व.का सम्बन्धमा अन्तःशुल्क स्टिकर हिनामिना गरेवापत आर्थिक ऐन, २०७५ ले मिति २०७५/०४/०१ गतेदेखि लागू हुने गरी संशोधन भएको अन्तःशुल्क ऐन, २०५८ को दफा १६(२) बमोजिम २००% जरिवाना लगाउने गरी २०७५ असारको हकमा भनी भएको निर्णय मिलेको नदेखिँदा आ.व. २०७४।०७५ मा प्रचलित अन्तःशुल्क ऐन, २०५८ को दफा १६(१) बमोजिम नै सो हदसम्म जरिवाना हुनसक्ने देखिन्छ।

१३. आ.व.०७५/०७६ को हकमा ३,८५,६१५ थान स्टिकर हिनामिना गरी अवैध रुपमा २०९ केश मदिरा उत्पादन गरी बिक्री वितरण गरेको सम्बन्धमा हेर्दा, करदाता कम्पनीबाट आन्तरिक राजस्व कार्यालय वीरगंजबाट खरीद गरी ल्याएको तथा अघिल्लो आ.व. बाट अल्या भई आएको गरी जम्मा ३८,००,६७९ थान स्टिकर आम्दानीमा जनाइएको देखिन्छ। तर मदिरा उत्पादनको क्रममा जम्मा २७,६०,३२८ थान स्टिकरहरु खर्च भई १०,४०,३४१ थान मौज्दात देखिनुपर्नेमा जम्मा ६,५४,७२६ थान स्टिकरहरु मौजदात रहेको देखिन्छ। यसप्रकार करदाता कम्पनीबाट अवैध तरिकाले मदिरा उत्पादनमा प्रयोग गरी अवैध बिक्री गरी अन्तःशुल्क लगायतको राजस्व छली गर्नका निम्ति बाँकी ३,८५,६१५ थान स्टिकरहरु हिनामिना गरेको देखिन आयो। यस परिप्रेक्षमा शुरु कार्यालयबाट अन्तःशुल्क लगायतको राजस्व छली गर्नका लागि अन्तःशुल्क स्टिकरहरु हिनामिना गरेको अभियोगमा तथा उत्पादन लुकाई अवैध रुपमा बिक्री वितरण गरेको २०९ केश मदिराको हकमा अन्तःशुल्क ऐन, २०५८ को दफा १६(३) बमोजिम रु.९३,००,८५६।— विगो कायम गरी ऐ.को दफा १६(२) बमोजिम २००% ले हुने जरिवाना रू.१,८६,०१,७१२/- ऐ.४(ख)(२) बमोजिमको विलम्ब शुल्क रु.२,४२,३६५/- गरी जम्मा रू.२,८१,४४,९३३।— कायम गरी शुरु कार्यालयबाट भएको निर्णयलाई अन्यथा मान्न मिलेन। कम्पनीले रितपूर्वक भएको उत्पादनको रितपूर्वक निश्काशन गरी सोको अन्तःशुल्क तिरी बुझाई सकेको अवस्थामा हतारमा कर्मचारीको भूलवश **Shrink cap** प्रयोग हुन छुटेको भन्ने पुनरावेदन जिकिर लिए तापनि बरामदित ५०० कार्टुन **Shrink cap** नभएको मदिराको परिमाणले उक्त जिकिरलाई पुष्टि गर्न सक्दैन साथै अन्य वस्तुनिष्ठ तथा ठोस प्रमाण करदाताबाट पेश नभएको स्थितिमा **Shrink cap** प्रयोग नभएको मदिराको हकमा अन्तःशुल्क ऐन, २०५८ को दफा १६(४)(ण) बमोजिम जरिवाना हुने गरी भएको शुरु कार्यालयको निर्णय समेत मिलेकै देखिन आयो।

१४. अतः यसमा माथि विवेचित तथ्य, आधार एवं कारण समेतबाट प्रतिवादी जयश्री धवलागिरी डिष्टिलरी प्रा.लि.का संचालक शम्भुशरण प्रसाद कलवारलाई अन्तशुल्क टिकट तथा **Shrink Cap** दवाई, छिपाई, छली हिनामिना दुरुपयोग गरेको कसूर ठहर गरी निजलाई हुने सजायका सम्बन्धमा आ.व.०७५।०७६ का हकमा तत्काल प्रचलित कानून बमोजिम विगो कायम गरी विगो जफत गर्ने, जरिवान गर्ने, विलम्ब शुल्क माँग गर्ने साथै तजवीजी कैद गर्ने गरेको शुरु आन्तरिक राजस्व कार्यालय, वीरगंज, पर्साको मिति २०७६।६।७ को फैसला सो हदसम्म मिलेकै देखिएपनि आ.व.०७४।०७५ का हकमा अन्तशुल्क टिकट हिनामिनातर्फ आर्थिक ऐन, २०७५ ले मिति

२०७५।४।१ गतेदेखि लागू हुने गरी संशोधन भएको अन्तशुल्क ऐन, २०५८ को दफा १६(२) बमोजिम विगोको २००% जरिवाना गर्ने गरी भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई आ.व. ०७४।०७५ का हकमा समेत प्रतिवादीलाई तत्काल प्रचलित अन्तशुल्क ऐन, २०५८ को दफा १६(१) अनुसार विगो बमोजिम जरिवाना हुने ठहर्छ। अरुमा पुनरावेदन जिकिर पुग्न सक्दैन। तपसिल बमोजिम गर्नु।

तपसिल खण्ड

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक शम्भुशरण प्रसाद कलवारलाई आ.व. ०७४।०७५ का हकमा आर्थिक ऐन, २०७५ ले मिति २०७५।४।१ गतेदेखि लागू हुने गरी संशोधन भएको अन्तशुल्क ऐन, २०५८ को दफा १६(२)(ख)) बमोजिम विगोको २००% जरिवाना गर्ने गरी भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहरेकाले उक्त आ.व. ०७४।०७५ का हकमा समेत निज प्रतिवादीबाट तत्काल प्रचलित अन्तशुल्क ऐन, २०५८ को दफा १६(१) अनुसार विगो बमोजिम जरिवाना लिनु भनि सुरु कार्यालयमा लेखि पठाउनु.......................................................................१

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु...........................................................................................२

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनु...............................३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टागरी मिसिल नियमानुसार गरी बुझाईदिनु.......................................................................४

(अध्यक्ष)
विनोद शर्मा

उक्त रायमा हामी सहमत छौं ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री प्रमोद रिजाल

टिपोट गर्न सहयोग गर्ने- ना.सु.श्री सुनिता थापा

इति सम्बत २०७७ साल चैत्र महिना १९ गते रोज ५ शुभम.........................................